आकाशवाणी समाचार

6th May , 2026 Friday

**प्रमुख समाचार**

१. *भारत*–भियतनामबीच आज विभिन्न समझदारी पत्रमा भएको छ हस्ताक्षर

२. पश्चिम बंगालमा नयाँ भाजपा सरकारको शपथग्रहण समारोह ९ मईमा

३. *तमिलनाडुमा नयाँ राजनीतिक समीकरण, सरकार गठनको दाबी*

४ . पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले राजीनामा दिन गरिन् अस्वीकार-भाजपाले देशको लोकतन्त्रको सम्मान नभएको गरे दाबी

*१. भारत–भियतनाम*

भारत र भियतनामबीच आज डिजिटल प्रविधि, दुर्लभ माटो , औषधि नियमन, सार्वजनिक क्षेत्र लेखा परीक्षण, डिजिटल भुक्तानी प्रणाली तथा संस्कृति र पर्यटनका क्षेत्रमा विभिन्न समझदारी पत्रमा हस्ताक्षर भएको छ। यी सम्झौताहरू आज दिउँसो नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र भियतनामका राष्ट्रपति तो-लामबीच भएको वार्तापछि सम्पन्न भएका हुन्। प्रेस वक्तव्यमा प्रधानमन्त्री श्री मोदीले साझा सम्पदाको संरक्षणकालागि भारतले भियतनामको प्राचीन चम्पा सभ्यताका माइ-सन र न्हान-ताउ मन्दिरहरूको पुनःस्थापना गरिरहेको जानकारी दिनुभयो । साथै, अब भारतले चम्पा सभ्यतासम्बन्धी पाण्डुलिपिहरूलाई डिजिटाइज गरी भविष्यका पुस्ताका लागि सुरक्षित राख्ने पनि जानकारी दिनुभयो ।वित्तीय सम्पर्क सुदृढ बनाउन दुवै देशका केन्द्रीय बैंकहरूबीच सहकार्य बढाउने निर्णय भएको प्रधानमन्त्रीले बताउनुभयो । भियतनाम भारतको 'एक्ट इस्ट नीति' र 'भिजन ओशन' को महत्वपूर्ण स्तम्भ भएको उल्लेख गर्नुहुँदै इन्डो–प्यासिफिक क्षेत्रमा दुवै देशको समान दृष्टिकोण रहेको जानकारी दिनुभयो ।

प्रधानमन्त्री श्री मोदीले रक्षा र सुरक्षा सहकार्य सुदृढ गर्दै दुवै देशले कानूनी शासन, शान्ति, स्थायित्व र समृद्धिमा योगदान दिने बताउनु भयो । साथै, भियतनामको सहकार्यमा भारतले आसियानसँगको सम्बन्ध थप विस्तार गर्ने पनि उल्लेख गर्नुभयो ।

*२. पश्चिम बंगालमा-शपथग्रहण*

पश्चिम बंगालमा नयाँ भाजपा सरकारको शपथग्रहण समारोह ९ मईमा ब्रिगेड परेड ग्राउण्डमा आयोजना हुने भएको छ । राज्य भाजपा अध्यक्ष समिक भट्टाचार्यले पत्रकारहरूलाई जानकारी दिनुहुँदै समारोह बिहान १० बजेदेखि सुरु हुने बताएका छन् । पार्टी स्रोतका अनुसार कार्यक्रममा प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह तथा भाजपा शासित विभिन्न राज्यका मुख्यमन्त्रीहरूको सहभागिता रहने अपेक्षा गरिएको छ, जसले यसलाई महत्वपूर्ण राजनीतिक जमघट बनाउनेछ । ब्रिगेड परेड ग्राउण्डको छनोट पनि प्रतीकात्मक मानिएको छ, किनकि यो स्थान विगतदेखि नै बंगालमा ठूला राजनीतिक सभा र जनआन्दोलनहरूको केन्द्र रहँदै आएको छ । शीर्ष राष्ट्रिय नेताहरूको उपस्थितिले यस राजनीतिक परिवर्तनलाई भाजपा पक्षले दिएको महत्वलाई झल्काउने बताइएको छ।

*३. भाजपा- ममता*

भाजपा पार्टीले भारत एक लोकतान्त्रिक देश भएको भन्दै त्यसको सधैं सम्मान हुनुपर्ने बताएको छ। पश्चिम बंगालकी निवर्तमान मुख्यमन्त्री ममता बेनर्जीले राजीनामा नदिने अभिव्यक्तिप्रति प्रतिक्रिया दिँनुहुँदै भाजपा प्रवक्ता श्री सम्बित पात्राले ती टिप्पणी अराजकतापूर्ण भएको बताएका छन् र यस्ता अभिव्यक्ति दिनमा संयम अपनाउन आग्रह गरेका छन्। श्री पात्राले देशको लोकतन्त्रमा सत्ताको हस्तान्तरण सधैं शान्तिपूर्ण रूपमा हुँदै

आएको उल्लेख गर्दै यस्तो भनाइ चिन्ताजनक रहेको बताए। उनले यो कुनै दल विशेषमाथिको आक्रमण नभई लोकतन्त्र र संविधानमाथिको आक्रमण भएको पनि बताए।

### *४. तमिलनाडुमा-सरकार गठन*

तमिलनाडुमा तमिलगा वेत्री कषगमका प्रमुख श्री सी. जोसेफ विजयले राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकरसँग भेट गर्दै नयाँ सरकार गठनको दाबी प्रस्तुत गरेका छन् । ५१ वर्षीय विजयले पार्टीका वरिष्ठ नेतृत्वगणसँगै राज्यपालसँग भेट गरेका हुन्। उहाँको पार्टी TVK ले १०८ वटा सिटमा जित प्राप्त गरेको छ। श्री विजयले दुई निर्वाचन क्षेत्रबाट चुनाव लडेका कारण एक सिटबाट राजीनामा दिनुपर्नेछ । आज बिहान कांग्रेस नेता गिरीश चोडंकरसहित अन्य नेताहरूले TVK प्रमुखसँग भेट गर्दै पाँच जना विधायकहरूको समर्थन पत्र हस्तान्तरण गरेका छन् । यसै सन्दर्भमा विदुथलाई चिरुथिगल काची (VCK) का प्रमुख थोल. थिरुमावलवनले आफ्नो पार्टी TVK गठबन्धनमा सहभागी हुने निमन्त्रणाबारे विचार गर्ने बताउनुभएको छ । हाल VCK DMK सँग गठबन्धनमा रहेको छ र VCK का दुई विधायक रहेका छन्।

### *५. सिक्किम-राज्यपाल*

सिक्किमको राजधानी गान्तोकस्थित राजभवनमा कोयला, खानी तथा इस्पातसम्बन्धी संसदीय स्थायी समितिका अध्यक्ष श्री अनुराग सिंह ठाकुरसहित अन्य सदस्यहरूले आज सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गरेका छन्। भेटका क्रममा आयोजित संवाद सत्रमा ठाकुरले सिक्किमको सरसफाइ, यातायात अनुशासन र आतिथ्य सत्कारको प्रशंसा गरे। राज्यपाल माथुरले समितिसँगको छलफलमा सिक्किममा वातावरण संरक्षणकालागि राज्य सरकारले सञ्चालन गरिरहेका महत्वपूर्ण योजनाबारे जानकारी गराउनु हुँदै नाथुला क्षेत्रको ऐतिहासिक महत्व तथा राज्यको विकासमा महिलाहरूको सक्रिय भूमिकाबारे आफ्नो धारणा राख्नु भयो । उहाँले सिक्किममा भइरहेको दिगो विकासका प्रयासबारे पनि समितिलाई अवगत गराए। यसअघि समितिले गान्तोकमा कोयला मन्त्रालय, बीसीसीएल, एनईसी र सीसीएलका प्रतिनिधिहरूसँग ‘कोयला खानीमा संरक्षण, सुरक्षा तथा पूर्वाधार विकास’ विषयमा विस्तृत छलफल गरेको थियो।

### ६. प्रधानमन्त्री - *मन्त्रिपरिषद्*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मध्य प्रदेश, राजस्थान, उत्तर प्रदेश, कर्नाटक, आन्ध्र प्रदेश र तेलंगानाका १९ जिल्लामा रहेका रेल परियोजनाहरूलाई मन्त्रिपरिषद्ले दिएको स्वीकृतिको स्वागत गरेका छन् । उहाँले यी परियोजनाले सम्पर्क सञ्जाल विस्तार गर्नुका साथै सञ्चालन क्षमता सुधार गर्ने बताउनु भएको छ । साथै, यसले देशको पूर्वाधार विकास र आर्थिक वृद्धिलाई पनि गति दिने उल्लेख गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले सर्वोच्च अदालतमा न्यायाधीशहरूको संख्या ३३ बाट बढाएर ३७ पुऱ्याउने मन्त्रिपरिषद्को निर्णयको पनि प्रशंसा गर्नु भएको छ । यस निर्णयले देशको न्यायिक प्रणालीलाई थप सुदृढ बनाउने र जनताले छिटो न्याय पाउने विश्वास पनि व्यक्त गर्नु भएको ।

### *७. भारत–जापान*

जापानकी विज्ञान तथा प्रविधि मन्त्री ओनोडा किमीले आज नयाँ दिल्लीमा भारतका विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री जितेन्द्र सिंहसँग भेटवार्ता गरेकी छन् । भेटका क्रममा दुवै नेताले विशेषगरी स्वास्थ्य र चिकित्सा उपकरणलगायत विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल गरेका छन् । यस अवसरमा मन्त्री ओनोडा किमीले भारतको तीव्र आर्थिक वृद्धि र नवप्रवर्तनप्रतिको दृढ प्रतिबद्धताको प्रशंसा गर्दै विशेषगरी कृत्रिम बुद्धिमत्ता अथवा (AI) को व्यापक प्रयोगको सराहना गरिन् ।

*८. सीबीआईद्वारा- 'साइबर गुलामी'*

केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले भारतीय नागरिकलाई साइबर गुलामीमा धकेल्ने एउटा गिरोहको पर्दाफास गरेको छ। सीबीआई अनुसार उक्त गिरोहले आकर्षक विदेशी रोजगारीको प्रलोभन देखाएर भारतीय नागरिकलाई दक्षिण–पूर्वी एशियाली देशहरूमा पठाउने गरेको थियो। यस मानव तस्करीसँग सम्बन्धित गतिविधिमा संलग्न भएको आरोपमा लखनउबाट एकजना व्यक्तिलाई पक्राउ गरिएको छ । प्रारम्भिक अनुसन्धानले साइबर अपराध गिरोहले नागरिकहरूलाई यस्ता ठगी केन्द्रहरूमा पठाउन एजेन्टहरूलाई घुस दिने गरेको देखाएको छ। सीबीआईले अज्ञात स्रोतबाट प्राप्त हुने रोजगारीका प्रस्तावहरू, विशेषगरी सामाजिक सञ्जाल वा अनलाइन विज्ञापनमार्फत आउने प्रस्तावहरूबारे सतर्क रहन सर्वसाधारणलाई आग्रह गरेको छ। यस्ता प्रस्तावहरू जोखिमपूर्ण हुनसक्ने र गम्भीर समस्याको कारण बन्न सक्ने चेतावनी दिइएको छ।

*९. वैश्विक तेल- मूल्यमा गिरावट*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैन्य अभियान 'प्रोजेक्ट फ्रीडम' अस्थायी रूपमा रोक्ने घोषणा गरेपछि आज विश्वव्यापी तेल मूल्यमा गिरावट आएको छ । ब्रेन्ट कच्चा तेलको मूल्य करिब १.२१ प्रतिशतले घट्दै प्रति ब्यारेल झन्डै १०८ डलरमा कारोबार भइरहेको थियो। मूल्य घटे पनि अन्तर्राष्ट्रिय तेल बजारमा आपूर्तिको दबाब अझै कायम रहेको छ। द्वन्द्व सुरु भए यता कच्चा तेलको मूल्य करिब ५० प्रतिशतले वृद्धि भएको बताइएको छ।

*१०.आईपीएल क्रिकेट: चेन्नई सुपर किंग्सको शानदार जित*

नयाँ दिल्लीमा हिजो भएको खेलमा आईपीएल क्रिकेटमा चेन्नई सुपर किंग्सले दिल्ली क्यापिटल्सलाई आठ विकेटले पराजित गरेको छ। पहिले ब्याटिङ गरेको दिल्ली क्यापिटल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १५५ रन बनाएको थियो। १५६ रनको लक्ष्य पछ्याएको चेन्नई सुपर किंग्सले १७ ओभर ३ बलमै दुई विकेट गुमाएर १५९ रन बनाउँदै सहज जित हासिल गर्‍यो । उत्कृष्ट प्रदर्शनका लागि संजू सैमसनलाई 'प्लेयर अफ द म्याच' घोषित गरिएको छ। प्रतियोगिता अन्तर्गत आज सनराइजर्स हैदराबाद र पंजाब किंग्सबीच प्रतिस्पर्धा हुनेछ । हैदराबादमा हुने यो खेल साँझ साढे सात बजेबाट सुरु हुनेछ।

**प्रमुख समाचार पुनः एक पटकः**

१. *भारत*–भियतनामबीच आज विभिन्न समझदारी पत्रमा भएको छ   हस्ताक्षर

२. पश्चिम बंगालमा नयाँ भाजपा सरकारको शपथग्रहण समारोह ९ मईमा

३. *तमिलनाडुमा नयाँ राजनीतिक समीकरण, सरकार गठनको दाबी*

४ . पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले राजीनामा दिन  गरे अस्वीकार भाजपाले देशको लोकतन्त्रको सम्मान नभएको गरे  दाबी